# लोक सेवा आयोग

## नेपाल न्याय सेवा, नेपाल प्रशासन सेवा (सामान्य प्रशासन र लेखा समूह), नेपाल लेखापरीक्षण सेवा र सङ्घीय संसद सेवाका राजपत्र अनङ्कित द्वितीय श्रेणी, खरिदार वा सो सरह पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

मितिः २०८३/५/५

समयः २ घण्टा ३० मिनेट — पूर्णाङ्कः १००

पत्रः द्वितीय

विषयः सेवा सम्बन्धित कार्य-ज्ञान

निम्न प्रश्नहरूको उत्तर 'खण्ड' अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

### खण्ड - क (अङ्कः ४०)

१. सहायक कर्मचारीमा हुनुपर्ने गुणहरू के-के हुन्? प्रष्ट पार्नुहोस् । ५

२. अभिलेख व्यवस्थापनको परिचय दिँदै कार्यालयमा यसको महत्त्वबारे प्रकाश पार्नुहोस् । २+३=५

३. सार्वजनिक वडापत्र (Public charter) भनेको के हो? सार्वजनिक वडापत्रमा समावेश हुनुपर्ने प्रमुख विषयहरू उल्लेख गर्नुहोस् । २+३=५

४. व्यक्तिगत घटना दर्ता भन्नाले के बुझिन्छ? व्यक्तिगत घटना दर्ता गर्नुपर्नाका कारणहरू स्पष्ट पार्नुहोस् । २+३=५

५. फाइलिङ्गको परिचय दिँदै यसका प्रकार र महत्त्वबारे प्रकाश पार्नुहोस् । ३+३+४=१०

६. सार्वजनिक सेवा प्रवाह भनेको के हो? सार्वजनिक सेवा प्रवाह गर्ने तरिका र माध्यमहरू के-के छन्? उल्लेख गर्नुहोस् । २+४+४=१०

### खण्ड - ख (अङ्कः ३०)

७. नेपालको सरकारी बजेटमा चालू खर्च र पुँजीगत खर्च भनेको के हो? उदाहरणसहित लेख्नुहोस् । २.५+२.५=५

८. जिन्सी व्यवस्थापन भन्नाले के बुझिन्छ? जिन्सी सामान दाखिला गर्दा ध्यान दिनुपर्ने कुराहरू उल्लेख गर्नुहोस् । २+३=५

९. सरकारी कार्यालयमा बेरुजू उत्पन्न हुने प्रमुख कारणहरू के-के हुन्? संक्षेपमा विश्लेषण गर्नुहोस् । ५

१०. नेपालको सोह्रौं आवधिक योजनाको सोच र उद्देश्यहरू लेख्नुहोस् । २+३=५

११. लेखापरीक्षण भन्नाले के बुझिन्छ? आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षणबीचका भिन्नताहरूबारे प्रकाश पार्नुहोस् । ४+६=१०

### खण्ड - ग (अङ्कः ३०)

१२. नेपाल राजपत्र भन्नाले के बुझ्नुहुन्छ? नेपाल राजपत्रमा हुने भागहरू र विषय उल्लेख गर्नुहोस् । २+३=५

१३. जिल्ला अदालतको क्षेत्राधिकार के कस्तो रहेको छ? लेख्नुहोस् । ५

१४. म्याद र हदम्यादबीचको भिन्नता प्रष्ट पार्नुहोस् । ५

१५. बरामदी मुचुल्का तयार गर्दा ध्यान दिनुपर्ने कुराहरू उल्लेख गर्नुहोस् । ५

१६. भ्रष्टाचार नियन्त्रणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका सम्बन्धमा उदाहरणसहित स्पष्ट पार्नुहोस् । १०

<<समाप्त>>